# 多言語情報コーナー　　　　　　　　　　　（令和８年　４月号）

## १. साकुरा (पैयूँ) माचुरी र साकुरा फूलेको हेर्ने प्रसिद्ध स्थलहरूको बारेमा जानकारी !

यो बर्षको साकुरा फूल्ने मौसम अन्ततः आइपुगेको छ। यहाँ तोचिगी शहर भित्र आयोजना हुने साकुरा माचुरी र प्रसिद्ध चेरी ब्लसम हेर्ने स्थलहरूको परिचय गराईन्छ।

सर्वप्रथम, लगभग ४,००० रुख़हरुका साकुरा फुल्ने "ओ-हिरासान् साकुरा माचुरी" हो र यो मार्च महिनाको २० तारीख देखि अप्रिल महिनाको १२ तारीख सम्म आयोजना हुनेछ। ओ-हिरासान् "जापानमा साकुरा फुलेको हेर्ने १०० वटा प्रसिद्ध स्थलहरु" मध्ये एकको रूपमा छनौट गरिएकोछ। उक्त माचुरीमा दाङगो (मोची राईसको ड़ल्लो), याकितोरी (सिन्कामा उनेर पोलेको कुखुराको मासु), र तामागो याकि (अण्डाका अम्लेट) जस्ता ३ प्रसिद्ध खानेकुराहरुको आनन्द लिन सकिनेछ। साकुरा फूल्ने स्थिति अनुसार उक्त क्षेत्रमा यातायातका नियमहरु पनि लागू गरिनेछन्। रमणीय सड़कहरु चाँही एकतर्फ़ी यातायातको लागि हुनेछन् भने उक्त अवधिमा पार्किंग गर्नेहो भने पार्किंग शुल्क लाग्नेछ।

ओहिरा साकुरा माचुरी चाँही मार्च महिनाको २७ तारीख देखि अप्रिल महिनाको १२ तारीख सम्म आयोजना हुनेछ, यद्यपि यो फूलहरूको फूलेको स्थितिमा निर्भर गर्दै परिवर्तन हुन सक्छ। स्थान ओहिरा स्पोर्ट्स पार्कको अगाडि साकुरा स्ट्रिट र ओहिरा स्पोर्ट्स पार्क भित्र साकुरा नो मोरी (चेरी ब्लसम फरेस्ट) हो। ओमाचुरीको समयमा साँझ ६ बजेदेखि राति ९ बजेसम्म लाईट-अप गरि चेरी ब्लसमलाई उज्यालो पारिनेछ।

मार्च महिनाको ३० देखि अप्रिल महिनाको ५ तारीख सम्म, फुजिओका साकुरा महोत्सव फुजिओका वातारासे स्पोर्ट्स पार्कमा आयोजना हुनेछ। यस अवधिमा, साँझ ६ बजेदेखि राति ९ बजेसम्म चेरीका रूखहरू लाईट-अप गरेर उज्यालो पारिनेछ।

मार्च महिनाको २८ देखि अप्रिल महिनाको ५ तारीख सम्म, "चुगानो सातो हानासाइ-साई २०२६" चुगा टाउनको चुगानो सातोमा आयोजना हुनेछ। महोत्सवमा १८० वर्ष पुरानो "चुगानो सातो-जाकुरा" साकुराको रूखबाट शुरू भै, विभिन्न समयमा फुल्ने अन्य साकुराका रूखहरू पनि एक पछि अर्को गर्दै फूल्नेछन्, जसले गर्दा आगन्तुकहरूले लामो समयसम्म फूलहरूको आनन्द लिन सक्नेछन्। महोत्सवको अवधिमा शनिबार र आइतबार विभिन्न कार्यक्रमहरूको योजना बनाइएको छ। चुगानो सातो साकुरा फुलिरहेको बेला साँझदेखि लाईट-अप गरेर राति ९ बजेसम्म उज्यालो रहनेछ।

# 多言語情報コーナー　（令和８年　４月号）

मियामाचीको मियानोहाशी (मियानोपुल) वरपरको क्षेत्र नागानो नदीको किनारमा रहेका लगभग ५०० साकुराका रूखहरूका पंक्ति "मियानो साकुरा" नामले प्रसिद्ध छ।
मार्च महिनाको २८ र २९ तारीखमा, "इबुकी नो सातो साकुरा माचुरी" आयोजना गरिनेछ, जसमा स्टेज कार्यक्रमहरू र सामानहरू बिक्री गरिने योजना गरिएकोछ।

निशिकाता-माचीको ओमोइगावा नदीको तटबन्धमा रहेका लगभग २०० साकुराका रूखका पंक्तिहरू "कानासाकीको साकुरा" को रूपमा पनि प्रसिद्ध छन्। "निशिकाता कानासाकीको साकुरा माचुरी" अप्रिल महिनाको ४ देखि १२ तारीख सम्म आयोजना हुनेछ। यस अवधिमा, चेरीका रूखहरू साँझ ६ बजेदेखि ८ बजेसम्म लाईट-अप गरि उज्यालो पारिनेछन्, र अप्रिल महिनाको ५ तारीखमा स्टलहरू राखिने र विभिन्न कार्यक्रमहरू आयोजना गरिने कार्यक्रम रहेकोछ ।

अन्तमा, मार्च महिनाको २९ तारीख बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म, इवाफुने जनरल स्पोर्ट्स पार्क भित्र "इवाफुने साकुरा माचुरी" आयोजना हुनेछ। त्यहाँ स्टेज कार्यक्रमहरू र खानाका स्टलहरू हुनेछन्।

कृपया तोचिगी शहरका प्रसिद्ध चेरी ब्लासम हेर्ने स्थलहरूको भ्रमण गर्नुहोस् र फूलहरूको आनन्द लिनुहोस्।

## २. राष्ट्रिय पेन्सन बीमा प्रिमियम सम्बन्धी सूचना !

जापानमा बसोबास गर्ने २० बर्ष भन्दा माथि ६० बर्ष भन्दा मुनिका व्यक्तिहरू सबैले राष्ट्रिय पेन्सन प्रणालीमा सामेल हुनु आवश्यक छ। यो नियम जापानी नागरिक र विदेशी दुवैमा लागू हुन्छ। बीमा प्रिमियम मासिक रूपमा भुक्तानी गरिन्छ। कम्पनीमा काम गर्नेहरूको चाँही "कर्मचारी पेन्सन बीमा" मा भर्ना भएका हुन्छन्, र प्रिमियमहरू स्वचालित रूपमा उनीहरूको तलबबाट कटौती गरिन्छ। कम्पनीमा काम नगर्नेहरू "राष्ट्रिय पेन्सन" भनेर, उनीहरूको प्रिमियम आफैंले तिर्नुपर्छ।

राष्ट्रिय पेन्सन प्रिमियम रकम हरेक वर्ष परिवर्तन हुन्छ। आर्थिक वर्ष २०२६ को लागि, प्रति महिना १७,९२० येन तोकिएकोछ। भुक्तानी पर्ची मार्फत भुक्तानी गर्नेहरूले अप्रिलको सुरुमा जापान पेन्सन सेवाबाट भुक्तानी पर्ची प्राप्त गर्नेछन्। प्रत्येक महिनाको बीमा प्रिमियम चाँही, अर्को महिनाको मसान्त भित्र तिर्नुहोला।

यदि तपाईंले आफ्नो प्रिमियम तिर्नुभएन भने, तपाईंले पेन्सन प्राप्त गर्नुहुने छैन। १० वर्ष वा सोभन्दा बढी भुक्तानी गरेपछि, तपाईंले ६५ वर्षको उमेरदेखि पेन्सन प्राप्त गर्न सक्नुहुन्छ। जब विदेशीहरूले जापान छोड्छन्, जापानमा तिरेको पेन्सनको एक भाग "एकमुष्ट निकासी भुक्तानी" को रूपमा फिर्ता गरिन्छ।

कम आय भएका विद्यार्थीहरूले "विद्यार्थी भुक्तानी छुट" भनिने प्रणालीको फाइदा लिन सक्छन्, जसले भुक्तानीको अस्थायी स्थगित गर्न अनुमति दिन्छ। कृपया शियाकुस्योको मुख्य कार्यालय वा प्रत्येक सोउगोउ शिस्यो (शाखा कार्यालय) हरू मध्ये एकमा बीमा र पेन्सन विभागसँग परामर्श गर्नुहोला।

यसबाहेक, यदि तपाईंलाई भुक्तानी गर्न कठिनाइ भइरहेको छ भने, त्यहाँ छुट प्रणाली उपलब्ध छ, त्यसैले कृपया शियाकुस्योमा गएर  परामर्श गर्नुहोला।

## ३. शियाकुस्योका विस्तारित समय सम्म खोलिने काउन्टरहरू बारे जानकारी !

तोचिगी शियाकुस्योमा, नगरबासीहरू सबैको लागि सेवाहरू अझ सुविधाजनक बनाउन बारम्बार प्रयोग हुने काउन्टरहरूको सञ्चालन समय विस्तार गर्दैछ। कृपया यी सेवाहरूको फाइदा लिनुहोला।

शियाकुस्योको मुख्य भवनमा, प्रत्येक बुधबार साँझ ५:१५ बजेदेखि ७:०० बजेसम्म, सिमिन् सेइकाचु-का (नागरिक जीवन विभाग) र होकेन् नेन्किन्-का (बीमा तथा पेन्सन विभाग) को काउन्टरहरू खुला रहनेछन्।

ओहिरा, फुजिओका, चुगा, निशिकाता र इवाफुनेका सोउगोउ शिस्यो (शाखा कार्यालय) हरूमा, प्रत्येक महिनाको दोस्रो बुधबार, काकु चिइकीजुकुरी सुइसिन्-का ( प्रत्येक क्षेत्रीय विकास प्रवर्द्धन विभाग) का काउन्टरहरूका समय विस्तारित गरिएकाछन्।

यसबाहेक, माई-नम्बर कार्ड भएकाहरूले कनभिनियंस स्टोरहरू र अन्य स्थानहरूमा जडान गरिएका बहु-कार्यात्मक कपीयरहरू प्रयोग गरेर प्रमाणपत्रहरू प्राप्त गर्न सक्छन्। यी मेसिनहरू बिहान ६:३० बजेदेखि राति ११:०० बजेसम्म उपलब्ध छन्।